म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७८ बिहीबार ८ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 24 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नवोदय विद्यालयमा 'द आर्ट अफ लिभिङ' कार्यक्रम सुरु

हेटौंडा, ७ कात्तिक/जीवन जिउने कला सिकाउने 'द आर्ट अफ लिभिङ' हेटौंडासँग समन्वय गरी नवोदय शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयमा ४ दिने लिभिङ ह्यापिनेश कार्यक्रम सञ्चालन भएको छ । कार्यक्रममा विद्यालयका शिक्षक, कर्मचारीलगायत ५६ जनाको सहभागिता रहेको थियो । सहभागीहरूलाई वीरगञ्जबाट आउनु भएका प्रशिक्षक चन्देश्वर सिंहले प्रशिक्षण दिनु भएको थियो । पहिलो दिनमा उहाँले श्वास प्रश्वास प्रक्रियाद्धारा ध्यान सुदर्शन क्रिया सम्बन्धी प्रशिक्षण दिनु भएको थियो । उहाँले स्वस्थ्य मन, तनाव मुक्त शरिर तथा ध्यानमा एकाग्रता ल्याउन गर्नुपर्ने विधिहरु बारेसमेत जानकारी गराउनु भएको थियो । मानिसहरु सरल सहज भएर बाँच्नका लागि ध्यान योग गर्दा शारीरिक, मानसिक रुपमा नै राम्रो हुने आर्ट अफ लिभिङ्गा कोर्ष गरेका व्यक्तिहरू बताउछन् । कार्तिक १० गतेसम्म कार्यक्रम सञ्चालन हुने विद्यालयले जनाएको छ ।

# मुख्यमन्त्री लामा र आयोगका उपाध्यक्षबीच करार सम्झौता

प्रतिक्षा न्यौपाने

हेटौंडा, ७ कात्तिक/बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले नीति तथा योजना आयोगसँग कार्य सम्पादन करार सम्झौता गरेका छन् । प्रदेशका मन्त्रीहरुसँग यसअघि नै करार सम्झौता गरिसकेका मुख्यमन्त्री लामाले बुधवार आयोगका उपाध्यक्ष गंगादत्त नेपालसँग कार्य सम्पादन करार सम्झौता गरेका हुन् ।

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश २०७५ बमोजिम कार्यसम्पादन करार सम्झौता गरिएको हो । मुख्यमन्त्री लामाले चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रमहरुको कार्य सम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आयोगका उपाध्यक्ष नेपालसँग कार्यसम्पादन सम्झौता गरेको बताए ।

सम्झौता अनुसार आयोगले वार्षिक स्वीकृत कार्यक्रम सहित प्रभावकारी र उपलब्धिमुलक नयाँ तथा फरक शैलीको कार्यक्रम पनि गर्न निर्देशन गरिएको छ । गत ९ गते सरकारको नेतृत्व गरेका मुख्यमन्त्री लामाले गत भदौ २६ गतेको मन्त्रिपरिषद् बैठकबाट नेपाललाई आयोगको उपाध्यक्षमा नियुक्त गरिएको थियो । मुख्मयन्त्री लामाले बजेट विनियोजन र योजना छनौटलाई प्रभावकारी बनाउने बताएका छन् ।



उनले आयोजना बैंक स्थापना र प्रभावकारी कार्यान्वयन गरेर बजेट विनियोजनको तयारी भइरहेको बताए । लामाले कार्यसम्पादन करार सम्झौता गर्दै आयोजना बैंक स्थापना तथा सञ्चालनलाई प्रभावकारी बनाउन निर्देशन समेत दिए । उनले प्रदेश सरकारलाई नागरिकसम्म जोड्ने र पलदायी योजनाहरु छनौट तथा कार्यक्रम कार्यान्वयनमा सघाउन आयोगले भूमिका निर्वाह गर्नुपर्ने बताए ।

मुख्यमन्त्री लामाले वार्षिक स्वीकृत कार्यक्रमका अलावा प्रदेश सरकारलाई आवश्यक तथ्यांक संकलन तथा सुझावहरू उपलब्ध गराएर नीति आयोगले प्रदेशको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताए । नयाँ र फरक ढंगका उत्पादन र रोजगारीमा केन्द्रित हुने गरी आयोगले योजना निर्माण तथा बजेट विनियोजनमा सघाउन उनले आग्रह गरे ।

मुख्यमन्त्री लामाले यसअघि ५ भदौमा १२ जना मन्त्री र प्रदेशका प्रमुखसचिवसँग कार्यसम्पादन करार सम्झौता गरेका थिए । प्रदेश सुशासन ऐनको दफा १९ बमोजिम सुशासन कायम गर्न र सरकारका काम कारबाही प्रभावकारी बनाउन कार्यसम्पादन करार सम्झौता गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । यसअघिका मुख्यमन्त्रीहरुले पनि मन्त्री र प्रमुखसचिवसँग कार्यसम्पादन करार सम्झौता गर्दै आएका थिए ।

तर, सम्झौताअनुसारको सुशासन कायम भए/नभएको र सर कारको काम कारबाहीको प्रभावकारिताबारे सार्वजनिकरुपमा कुनै अध्ययन र अनुसन्धान भएको हालसम्म सार्वजनिक भएको पाईदैन । कार्यसम्पादन करार सम्झौतालाई सरकारका नेतृत्वले पराम्परागत कार्यशैलीको रुपमा कर्मकाण्डी मात्रै बनाउँदै आएको सरकारी अधिकारीहरु नै बताउँछन् । सम्झौताको प्रभावकारिताबारे सरकार आफैं गम्भीर नभएको विगतका घटनाले नै देखाउँछ । नेतृत्वसँग सम्झौता गर्ने र सम्झौताको मूल्यांकन नगरी त्यसलाई वेवास्ता गर्ने परिपाटी विगतमा भएका छन् ।

मुख्यमन्त्री लामाले चालू आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी बनाएर समयमै काम सम्पन्न गर्न करार सम्झौता उपयोगी हुने विश्वास व्यक्त गरेका छन् । तर, सरकारको कार्यक्रम कार्यान्वयनको अवस्था २०७५ देखि एउटै लयमा चलिरहेको छ । प्रत्येक आर्थिक वर्षको बजेट खर्चको अनुपात र विकास बजेटको खर्चले सरकारको काम कारबाही कमजोर रहेको देखाउँदै आएको छ । बागमतीमा विगतका वर्षदेखि नै कर्मचारी, पदाधिकारीको तलब, भत्तामा धेरै र विकास बजेटमा थोरै खर्च हुँदै आएको छ ।

बागमती प्रदेशसभाका सभामुख, उपसभामुख सहित १ सय १० सांसद र तिनका स्वकीयहरुको बजेट खर्च र कानुन निर्माणको अवस्थाले प्रदेश सरकारमाथि बारम्बार प्रश्न उठ्ने गरेका छन् ।

# मनहरीमा आलु र प्याज खेती गर्ने किसानलाई अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/मकवानपुरको मनहरी गाउँपालिकाले आलु र प्याज खेती गर्ने किसानलाई अनुदान दिने भएको छ । तरकारी उत्पादनको लागि अब्बल क्षेत्र मानिने मनहरीले आलु र प्याजको व्यावसायिक खेती गर्ने किसानलाई अनुदान दिने भएको हो ।

पालिकाले तीन कठ्ठा भन्दा धेरै क्षेत्रफलमा प्याज खेती गर्ने किसानलाई प्रतिकठ्ठा दुई हजार पाँचसय र आलु खेती गर्ने किसानलाई प्रतिकठ्ठा एक हजार पाँचसय रुपैयाँ अनुदान दिने भएको छ । पालिकाका अनुसार आलुको लागि न्यूनतम ५ कठ्ठा र प्याजको लागि न्यूनतम ३ कट्ठा खेती गरिएको जग्गा हुनुपर्ने उल्लेख छ ।

मनहरी गाउँपालिका कृषि विकास उपशाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा




आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत आलु र प्याजमा मूल्य अनुदानका लागि दश लाख रुपियाँ विनियोजन गरिएको मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बताउनुभयो । उत्पादन पश्चात् क्षति न्यूनीकरणको लागि कोल्ड स्टोरेजको भाडा शुल्कमा किसानलाई शतप्रतिशत अनुदान दिइने उहाँको भनाई छ ।

यसका लागि पालिकाले पाँच लाख बजेट विनियोजन गरेको छ । मकवानपुरको तरकारी खेतीको पहिलो पकेट क्षेत्रको रूपमा थाहा नगरपालिका रहेको छ । दोस्रो तरकारी उत्पादन गर्ने क्षेत्रको रुपमा मनहरी गाउँपालिका रहेको छ । यहाँ काउली, आलु, बन्दा, भन्टा, काँक्रोलगायतको व्यावसायिक नगदेबाली उत्पादन हुने गरेको छ । पछिल्लो समय कागती, ड्रागन खेती र कुरिलो खेतीतर्फ पनि यहाँका किसान आकर्षित भएका छन् । यहाँका अधिकांश बासिन्दा कृषि पेसामा आवद्ध छन् ।

# मकवानपुरगढीमा रनिङशिल्ड फुटसल प्रतियोगिताको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/मकवानपुरगढी गाउँपालिकामा हुने 'मकवानपुरगढी रनिङशिल्ड फुटसल प्रतियोगिता'को तयारी अन्तिम चरणमा रहेको छ । प्रतिभा युवा क्लब मकवानपुरगढी-४ को आयोजनामा यही कात्तिक ११ गतेदेखि १३ गतेसम्म हुन लागेको प्रतियोगिताका संयोजक विक्रम योञ्जनले जानकारी दिए ।

उनका अनुसार गत कात्तिक ४ गते बसेको क्लबको बैठकले नेपालीहरुको महान चाडै शुभ दिपावली तथा छठ पर्वको अवसरमा रनिङशिल्ड फुटसल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको थियो । मकवानपुरगढी-३ भानु फुटसल मैदानमा हुन लागेको प्रतियोगिताको उपाधि विजेताले नगद ७५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने दोस्रो हुनेले ५० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने संयोजक योञ्जनले बताए ।

प्रतियोगितामा करिब १६ टिमहरुको सहभागिता रहने प्रतिभा युवा क्लबका अध्यक्ष हेम बहादुर योञ्जनले बताए । उनका अनुसार प्रतियोगिता सञ्चालनमा करिव ४ लाख बढी खर्च अनुमान छ ।प्रतियोगिताको उद्धाटन मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जेलामा स्याङ्तानले गर्नेछन् । यसअघि बडादशैंको अवसरमा गढी स्टार स्पोटर्स क्लबले सञ्चालन गर्दै आएको थियो ।

यो प्रतियोगिता दशैं अगाबैका लागि तय भएको भएपनि सिस्नेरीस्थित पहिरोमा परेर ६ जना एन्फा एकेडेमीका विद्यार्थीको मृत्यु भएको कारण रोकिन पुगेको थियो । सोही घटनामा परी मकवानपुरगढी गाउँपालिका वडा नं.४ का साइमन योञ्जन पनि मृत्यु भएको थियो । साइमन यसै प्रतियोगिता आयोजना गर्ने क्लबका अध्यक्ष हेम बहादुर योञ्जनका छोरा हुन् ।

# सवारी दुर्घटनामा मकवानपुर गढीका स्याङतानको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/पूर्व-पश्चिम राजमार्गअन्तर्गत चितवनको टिकौली जंगलमा ३ वटा सवारी एकआपसमा ठक्कर खाइ भएको दुर्घटनामा मकवानपुरगढीका एक जनाको मृत्यु भएको छ ।

मंगलबार मध्यरातमा पुर्व पश्चिम राजमार्ग अन्तर्गत चितवनको रत्ननगर नगरपालिका-९, टिकौली जंगलमा टाँडीबाट नारायणगढ तर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००२ ख १४३९ नम्बरको ट्रक र नारायणगढबाट टाँडीतर्फ जाँदै गरेको ना ८ ख ८६७४ नम्बरको ट्याङ्कर एक आपसमा ठोक्किएर दुर्घटना भएको थियो । त्यसैगरी उक्त दुर्घटनामा ट्यांकरको पछाडि ना ६ ख ४६२४ नम्बरको ट्रक पनि ठोक्किन पुग्दा मधेश प्रदेश ०३-००२ ख १४३९ नम्बरको ट्रक चालक मकवानपुरगढी गाउँपालिका-२ का २६ वर्षीय अनिश स्याङ्तानको ज्यान गएको हो ।

उक्त दुर्घटनामा ट्रकका सह-चालक हेटौंडा-२ का २३ वर्षीय आशिष स्याङ्तान र ना ८ ख ८६७४ नम्बरको ट्याङ्करका चालक हेटौंडा-१९ नेवारपानीका ३६ वर्षीय सुदिप तामाङ घाइते भएका छन् । स्याङतानको उपचारको क्रममा चितवन मेडिकल क्लेजका ज्यान गएको चितवन प्रहरीले जनाएको छ ।

दुर्घटनामा घाइते अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको जनाइएको छ । ना ६ ख ४६२४ नम्बरको ट्रक चालक र सबै सवारी इलाका प्रहरी कार्यालय रत्ननगर टाँडीको नियन्त्रणमा रहेको जनाइएको छ ।

# कान्तिलोकपथमा गाडी दुर्घटनामा चालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ अन्तर्गत ललितपुरको बगुवामा कुखुरा बोक्ने बोलेरो गाडी दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

भट्टेडाँडा प्रहरी चौकीले दिएको जानकारी अनुसार दक्षिण ललितपुरको बगुवा नजिकै मासखोला स्थित कान्तिलोकपथमा कुखुरा बोकेर हेटौंडाबाट काठमाडौंतर्फ जादै गरेको ग २ च ९६६८ नम्बरको गाडी बुधबार बिहान दुर्घटना भएको हो । प्रहरी चौकीका अनुसार गाडी दुर्घटनापछि चालकको मृत्यु भएको छ । सहचालक घाइते भएका छन् । चालक चितवन-१६ भरतपुरका अन्दाजी २८ वर्षीय भरत लामिछाने रहेको प्रहरीले जानकारी दिएको छ । सहचालकको परिचय खुल्न सकेको छैन । गम्भीर घाइते भएका उनलाई उद्धार गरीउपचारका लागि पाटन अस्पताल लगिएको छ । गाडी सडकबाट करिब ४ सय मिटर तल पुगेको थियो ।

# हेटौंडा जेसीजको वक्तृत्वकला प्रतियोगितामा विवेक प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/जेसीआई हेटौंडाले जेसीज सप्ताहको दोस्रो कार्यक्रमको रुपमा आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा विवेक आनन्द न्यौपाने उत्कृष्ट वक्ता घोषित भएका छन् ।

मंगलबार हेटौंडा-९ स्थित जेसीआई हेटौंडाको सचिवालयमा भएको वक्तृत्वकलामा सहभागी ११ जना मध्ये न्यौपानेले प्रथम स्थान हासिल गरेका हुन् । न्यौपाने लगातार तेस्रो वर्ष प्रथम भएका हुन् ।

प्रतियोगितामा किरण आले दोस्रो भए भने छोइसाङ लामा तृतीय भए । 'कार्य, प्रतिबिम्ब, रुपान्तरण' शीर्षकमा वक्ताहरुले आ-आफ्ना धारणा राखेका थिए । जेसीआई हेटौंडा वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठले आफ्नो कार्यकालको नारा नै 'कार्य, प्रतिबिम्ब, रुपान्तरण' बनाएका छन् ।

युवा पुस्ताको कार्यले आकार अर्थात् एउटा प्रतिबिम्ब प्राप्त गर्नुपर्ने र त्यसले समाजमा रुपान्तरण ल्याउने अध्यक्ष श्रेष्ठको भनाई छ । वक्तृत्वकला प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने सहभागीले क्रमशः ३, २ र १ हजार नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

जेसीज सप्ताहको समापन समारोहमा पुरस्कृत गरिने जनाइएको छ । वक्तृत्व कलाको प्रमुख निर्णायकमा पूर्वअध्यक्ष गणेश कुमार श्रेष्ठ, निर्णायकमा पूर्वअध्यक्षहरु कुश कुमार रिजाल र दीपक राज मिश्र रहेका थिए ।

जेसीआई हेटौंडाका अध्यक्ष विकेशलाल श्रेष्ठको अध्यक्षता तथा पूर्वअध्यक्ष अशोक शाक्यको प्रमुख आतिथ्यमा वक्तृत्वकला प्रतियोगिता भएको हो । वक्तृत्वकला प्रतियोगिता किरण आलेको संयोजकत्वमा भएको हो ।

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्धारा A/C मर्मत तथा ग्यॉस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्यॉस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# जङ्कफुडको प्रयोगमा न्यूनीकरण गरौं

जसले क्षणिक स्वाद र सन्तुष्टि प्रदान गर्दछन् । आकर्षणका लागि विभिन्न किसिमका रङ, रसायन, टेष्टमेकर राखी बनाइएका खाद्य, पेयपदार्थहरुले स्नायु प्रणालीमा असर गर्ने हुँदा मानिसमा त्यस्ता खाद्यपदार्थलाई मानसिकरुपमा नै स्वीकार गर्ने अवस्थामा पुग्दछन् । पछिल्लो समय नेपालीहरुमा जङ्कफुडको जोखिम बढ्दो छ । एकपटक प्रयोग गरेपछि पटकपटक खाइरहन चाहन्छन् । त्यस्ता खाद्य पदार्थमा सस्तो मूल्यमा पाइने कमसल किसिमका बिस्कुट, चाउचाउ, पिज्जा, हट्डग्स, चिसो पेयपदार्थहरु, सस्ता जुसहरु, आइसक्रिम, कुल्फी, सस्ता चकलेट, चुइगम, टफी, माँडा, चटपट, पानीपुरी, तितौरा, पाउँ, दुनट, रेडिमेड चिप्स आदि पर्दछन् ।

शरीरका लागि आवश्यक पर्ने पौष्टिक तत्व भिटामिन, मिनरल, फाइवर आदि नगन्य मात्रामा हुने जङ्कफुड अस्वस्थकर, पच्न कठीन हुने चिल्लो पदार्थ, अधिक मात्रामा नुन र स्वास्थ्यमा हानि पुऱ्याउने किसिमका गुलियो पदार्थ मिश्रण गरी बनाइएको हुन्छ । पटक-पटक खाइरहँदा बानी लाग्ने किसिमका कृत्रिम स्वाद, मन्द नशायुक्त पदार्थ मिसावट गरिएका जङ्कफुडका कारण बालबालिका तथा किशोरकिशोरीमा कुपोषण बढ्दै जानुले भविष्यमा गम्भीर परिणाम निम्त्याउन सक्छ । बालबालिकालाई जङ्कफुडबाट टाढा राख्न अभिभावक तथा विद्यालयहरुले समयमै ध्यान पुऱ्याउनु आवश्यक छ । भान्सामा बनाउन पर्ने झन्झटकै कारण अभिभावकले बालबालिकालाई स्कुल खाजाको रुपमा चाउचाउ र बिष्कुटलाई अनिवार्यजस्तै बनाएका छन् । आकर्षक प्याक र स्वादमा आउने जङ्कफुडप्रति बालबालिका छिट्टै आकर्षित हुने भएपनि ती खाद्यवस्तुको गुणस्तरबारे न अभिभावकले चासो देखाएका छन्, न त सरकारी निकायको आँखा नै परेको छ । जङ्कफुडको बढ्दो प्रयोगले बालबालिकामात्रै होइन, वयस्क र वृद्धवृद्धाको स्वास्थ्यमा समेत गम्भीर खेलवाड भइरहेको छ । बढ्दो जङ्कफुडको प्रयोगले शहरी क्षेत्रका किशोरकिशोरीमा कुपोषणको समस्या बढ्दै गएको छ ।

जे मन लाग्यो त्यही खाने, पौष्टिक तत्व नभएको खाना खाने, जङ्कफुड तथा प्याकिङ गरिएका खानेकुराको अधिक प्रयोगले किशोर किशोरीमा कुपोषणको समस्या देखिएको एक अध्ययनले जनाएको छ । जङ्कफुडको प्रयोग बढ्दै जाँदा गाउँघरमा पाइने नेपाली मौलिक र अर्गानिक खानेकुरा हराउँदै गएका छन् । गाउँघरका खेतबारी बाँझै राखेर आयातित खाद्यान्नमा हामी परनिर्भर हुँदै गएका छौं । गाउँमा ढिँडो र आँटो खानेको संख्या घट्दै जाँदा सुविधासम्पन्न शहरमा स्वाद फेर्नका लागि ढिँडो खोज्दै हिड्नुपर्ने अवस्था सिर्जना भएको छ । बजारमा आएका जङ्कफुडका कारण बालबालिकाले कोदो/फापरको रोटी र भुटेका मकैको स्वाद भुलिसकेका छन् । त्यसैले मानव स्वास्थ्य प्रबर्द्धन गर्न र घरेलु खाद्य पदार्थको प्रयोग बढाउन जङ्कफुड न्यूनीकरण अपरिहार्य भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक ९ गते शुक्रबार २५ अक्टोबर २०२४ । अष्ठमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:११, सूर्यास्त ५:२३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायबाट लाभ पाइने | तुला | : कुरा काट्नेहरु सक्रिय हुने |
| वृष | : जिम्मेवारी पूरा गर्न सकिने | वृश्चिक | : नयाँ काम हात पर्ने |
| मिथुन | : गलत विचार बढ्ने | धनु | : कार्यान्तरण हुन सक्ने |
| कर्कट | : काममा अबरोध आउने | मकर | : शुभ समाचार सुन्न पाइने |
| सिंह | : अधुरा काम पूरा हुने | कुम्भ | : अनावश्यक खर्च बढ्ने |
| कन्या | : घरेलु समस्याले सताउने | मीन | : भोजको अवसर मिल्ने |

# ‘ऋण तिनुपर्दैन’ भन्ने आन्दोलनको अन्तर्य



✍रामचन्द्र उप्रेती

कुनै समय थियो जोसँग धेरै दासदासी हुन्थे, ऊ धनी र सम्पन्न कहलिन्थ्यो । जसलाई ‘दास युग’ भनियो । त्यो समयकै सेरोफेरोमा हुनुपर्छ जोसँग धेरै पशुधन थियो, उसैलाई धनी र सम्पन्न मानिन्थ्यो । दास युगमा दासलाई खान दिएर पाल्न भन्दा अलिकति जमिन दिएर ‘यो जमिनमा काम गर, उत्पादन गरेर मलाई यति देऊ, अरू तिम्रो भयो’ भन्दा जमिनदारले फाइदा देख्न थाले, त्यसै गरे ।

त्यसपछि दास युगको समाप्त भएर सामन्त युगको सुरुआत भयो । जग्गा-जमिनका मालिक जमिनदार अर्थात् सामन्त र तिनका खेतबारीमा काम गर्ने अधियाँर, कमैया, मोही आदि नामले पुकारिन थाल्यो । त्यो समयमा ‘सामन्त’ सम्मानित पद थियो । सामाजिक र आर्थिक हैसियत उच्च थियो । सत्ता र शासकहरूसँग नजिकको सम्बन्ध हुन्थ्यो । त्यसैले यस्ता सामन्तको हितमा राज्यले काम गर्थ्यो ।

कालान्तरमा खेती गर्ने मानिस अर्थात् किसान स्वतन्त्र हुन थाले । उत्पादन गर्ने जमिनका आफैं मालिक बन्न पुगे । यसमा परिवारको लागि आवश्यक कृषि उपजको उत्पादन गरे । यसले परिवारको निर्वाह हुने अवस्था बन्यो । यसैलाई निर्वाहमुखी कृषिको समय भनियो । यो बेलासम्म बजारको विकास र विस्तार धेरै भएको थिएन । मानिसका आवश्यकता सीमित थिए । त्यसैले गाउँ आत्मनिर्भर थिए ।

औद्योगिक क्रान्ति, मेसिनको आविष्कार, प्रविधिको विकास, सडक, रेल र हवाई मार्गको विकाससँगै शहर बस्न थाले, गाउँबाट मानिस शहरमा बसाइँ सर्न थाले । शहरमा बस्नेको उपभोग शैलीका कारण उत्पादन र बजारको विकास भयो । बजारको माग अनुसार उत्पादन हुन थाल्यो । उत्पादनले उपभोक्ता र बजार बनाउन थाल्यो । उत्पादन, सेवा, श्रम र बजारले धेरै मानिसको रोजगारी सिर्जना गऱ्यो ।

निर्वाहमुखी कृषिको युगबाट जसै मानिस वैश्य (व्यापारी) युगमा प्रवेश गरे राज्यका चरित्रहरू त्यसै अनुरूप बन्न थाले । जुन देशका शासकहरू जति बढी व्यापारी सोचका भए त्यति नै बढी देश समृद्ध हुँदै गयो । जसले यो सोचको विकास गर्न सकेन, ढिलो गऱ्यो र सोचेर पनि त्यसअनुरुपको चरित्र निर्माण गर्न सकेन, उनीहरू पछिपरेका छन् ।

प्रविधि, अनुसन्धान, यन्त्र-उपकरण, यातायात, बजार, उपभोगको शैली आदि कारणले मानिसलाई नजिक बनायो । अब दुनियाँमा उत्पादक छन् र उपभोक्ता छन् । कृषि पनि निर्वाहमुखीबाट व्यापारिक उत्पादनमा रूपान्तरण हुँदैगयो । वस्तु र सेवाका उत्पादक-उत्पादक बीच लडाइँ छ ।

कसले बढी उपभोक्तालाई आफ्नो सेवा र सामान बिक्री गर्ने भन्नेमा होड छ । आफ्ना उत्पादन र सेवाका बनिबनाउ उपभोक्तालाई निरन्तर आफ्नो कब्जामा राखिराख्ने, अरूका उपभोक्ता खोस्ने, नयाँ-नयाँ उपभोक्ता बनाउँदै जानेहरूका बीचमा अघोषित र घोषित युद्ध अविच्छिन्न रूपमा भइरहेको छ । यो नै वैश्य युगको विशेषता हो ।

राज्यको चरित्र यस्ता आफ्ना उत्पादक र सेवा प्रदायक कम्पनीको हितमा नीति बनाउनु र तिनको सुरक्षामा काम गर्नु बनेको छ । रोजगारी सिर्जना गरेर धेरैभन्दा धेरै मानिसका हातमा काम पुऱ्याउनु र देशको ढुकुटीमा कर तिराएर देश सम्पन्न बनाउन यस्ता ठूला-साना कम्पनीको भूमिका महत्वपूर्ण भएको छ । यसलाई जसले छिटो बुझे उनले त्यसै अनुरूपको सामाजिक, सांस्कृतिक, आर्थिक चरित्र निर्माण गर्न राजनीतिलाई परिचालन गरे ।

सन् १९६५ मा मलेसियाबाट बलपूर्वक छुट्याइएको गरीब सिङ्गापुरले विदेशी लगानीका लागि अनेकन् सुविधा दिएर अमेरिकन कम्पनीलाई सिङ्गापुरमा उद्योग खोल्न लगाए । कम्पनीबाट सुरुमा आफ्ना नागरिकलाई रोजगारी उपलब्ध गरायो ।

यसबाट सिकेर कालान्तरमा देशभित्रैबाट ठूला-ठूला कम्पनी स्थापना गरेर विश्व बजारमा सेवा र वस्तु बिक्री गरेर देशलाई धनी बनाए । सन् १९९० सम्म उजाड बनेको दुबई (युनाइटेड अरब इमिरेट्सको एक प्रान्त) विश्वका व्यापारीलाई व्यापार गर्न बोलाएर, अनुकूल वातावरण बनाइदिएर आजको ‘सम्पन्न दुबई’ बन्न सफल भयो ।

चीन, अमेरिका एकअर्काका दुश्मन हुन् भन्दा फरक पर्दैन । त्यस्तै भारत र चीन पनि असल मित्र, असल छिमेकी हुँदै होइनन् । तर वैश्य युगको प्रभाव यस्तो जबर्जस्त छ कि सिमानामा चीन र भारतका सैनिक बीचमा युद्ध र हताहती हुँदा पनि दुई देशबीचको व्यापार रोकिँदैन ।

अमेरिका र चीनका बीचमा विश्वको जुनसुकै मोर्चामा प्रतिस्पर्धा छ । एकले अर्कालाई क्षति पुऱ्याउन कुनै कसर बाँकी राख्दैनन् । तर यी देशका बीचको व्यापार चलिरहन्छ । चीन भारतका हुन् वा चीन अमेरिकाका कार्यकारी प्रमुखका बीचमा शिखर वार्ता हुँदा मुख्य विषय व्यापार हुने गर्छ । यो किन हुन्छ भने दुई देशका बीचमा हुने व्यापारले ती देशका जनताको हित गरिरहेको हुन्छ ।

यी केही उदाहरण हुन् । संसारभर यस्तो भइरहन्छ । अहिले सबै देशका राजदूतको पहिलो काम आफ्नो देशको व्यापार बढाउन भूमिका खेल्नु हुन्छ । त्यसमा कसले कति गर्न सक्छन् त्यो बेग्लै कुरा हो । तर मुख्य विषय त्यो देशमा आफ्नो देशको उत्पादन र सेवाको लागि बजार विस्तार गर्नु हो ।

अब लागौं नेपाल-भारतको सम्बन्ध र राष्ट्रिय हितका बारेमा । नेपाल चीन र भारतका बीचमा परेर मात्रै सानो र थोरै जनसंख्या भएको देश हो कि जस्तो लागेको । विश्व मानचित्रमा हेर्दा नेपाल न जनसंख्यामा न क्षेत्रफलमा नै सानो हो । अझ सामरिक महत्वका हिसाबले दक्षिणपूर्वी एशियामा अति महत्वपूर्ण स्थानमा छ ।

त्यसैले नेपाल कस्तो भयो भने शक्ति राष्ट्रहरूलाई फाइदा हुन्छ ? नेपाल कस्तो भयो भने छिमेकी भारत र चीनलाई फाइदा हुन्छ ? यो उनीहरूले आकलन गरेका हुन्छन् । आफ्नो राष्ट्रिय हित केमा छ ? त्यसको खोजी उनीहरूले गरेका हुन्छन् । त्यसै अनुरूपको नीति र व्यवहार हामीमा छिमेकीले गर्छन् । कति भन्न मिल्छ, कति मिल्दैन ।

नेपालमा पेट्रोलियम पदार्थको प्रचुर उत्खनन् र प्रशोधन भयो भने भारतलाई फाइदा हुन्छ कि उसले गरिरहेको नेपालसँगको तेलको व्यापार सुक्छ ? नेपालमा ठूला-ठूला उद्योग कारखाना बनेर यहीं धेरै वस्तु र सेवाको उत्पादन भयो भने के हुन्छ ? त्यसले नेपाल, भारत र विश्व बजारमा उपभोक्ता माझ भारतीय वस्तु तथा सेवासँग प्रतिस्पर्धा गर्न थाल्यो भने भारतलाई नाफा गर्छ कि घाटा ? नेपालमा पर्याप्त कृषिको उत्पादन भयो, कृषिलाई चाहिने मल, बीउ, विषादी, औजार-उपकरण आदिको विकास भयो र कृषिमा नेपाल आत्मनिर्भर भएर निर्यात गर्न थाल्यो भने भारतलाई फाइदा हुन्छ कि बेफाइदा ?

नेपालमा कच्चा फलामको खानी छ, उत्खनन् गर्न सजिलो पनि छ । यस्तो खानीमा लगानी गर्न स्वदेशी र विदेशी तयार छन् तर यो काम भएको छैन । अहिले नेपालमा खपत हुने कच्चा र प्रशोधित फलाम लगभग सबै भारतबाट आयात हुन्छ । यसले भारतको व्यापार भएको छ ।

नेपालमा प्रशस्त अस्पताल बने, स्कुल कलेज खोलिए र नेपाली कसैले उपचार गर्न, पढ्न भारत जानु नपर्ने भयो बरु भारतीयहरू यहाँ आएर उपचार गर्न र पढ्न थाले भने भारतलाई फाइदा हुन्छ कि बेफाइदा ? नेपालमा प्रशस्त पर्यटकीय गन्तव्य बने भने के हुन्छ ? यसरी धेरै भारतीय पर्यटक बनेर नेपालमा खर्च गर्न आए भने भारतलाई फाइदा हुन्छ कि बेफाइदा ? विश्वका पर्यटक भारतमा आउँदा तिनले भारतको बसाइ केही दिनलाई छोट्याएर नेपालमा आए र यतै खर्च गर्न थाले, रमाउन थाले भने भारतलाई फाइदा हुन्छ कि बेफाइदा ?

नेपालमा जलविद्युत्को विकास होस् भन्ने त चाहन्छ भारत तर शर्त के भने त्यो भारतीय लगानीमा नै बन्नुपर्छ भन्छ । चिनियाँ लगानीमा बनेको बिजुली किन्दिनँ भन्छ । यस्ता अनेकन् क्षेत्रमा भारतको चासो रहेको कुरा घामजत्तिकै छर्लङ्ग छ । भारत के चाहन्छ ? अर्थात् भारतलाई के गर्दा फाइदा हुन्छ ?

भारतको श्रम बजारमा नेपालीले जुन स्तरको काम र रोजगारी पाएका छन् त्योभन्दा उच्चस्तरको काम र राम्रो कमाइका लागि भारतीयहरू नेपालमा छन् । उनीहरूले हरेक वर्ष ठूलो रकम नेपालमा काम र व्यवसाय गरेर भारतमा पठाउँछन् । भारत उनीहरूको सुरक्षा, कामको सुरक्षा र सहजता चाहन्छ ।

नेपालको बजारमा बिक्री हुने खाद्यान्न, तरकारी, फलफूल, मसला, डेरीजन्य उत्पादन, माछा आदि भारतीय नै बिक्री हुन्छन् । घर, सार्वजनिक स्थल निर्माणका लागि चाहिने कैयौं सामान भारतबाटै आयात गरिन्छ ।

दैनिक उपभोगका सामान, लत्ता कपडा लगायत कैयौं सामग्री, सवारी साधन, मेसिनरी, पार्टपुर्जा, टायर, लुब्रिकेन्ट, औषधि, उद्योगका कच्चा पदार्थ, औजार-उपकरण आदि हामी धेरैजसो भारतकै उपयोग गर्छौं । यसरी हेर्दा नेपालका झण्डै तीन करोड जनता भारतका उपभोक्ता भएका छौं । यसले भारतमा धेरै ठूलो रोजगारी सिर्जना गरेको छ ।

नेपालीले खर्च गर्ने पैसा कहाँबाट ल्याउँछन् ? नेपालभित्रको उत्पादन, उद्योग, सेवा-व्यवसाय त्यति राम्रो छैन । तर पनि नेपालीले उपभोगमा ठूलो पैसा खर्च गर्ने हैसियत राख्छन् । त्यसको मुख्य स्रोत भनेको विदेशमा कामका लागि गएका नेपालीले पठाउने रेमिट्यान्स हो । यस्तो रेमिट्यान्सले पूँजीको रूपमा प्रयोग भएर नेपालमा उत्पादन बढाउने, आयात कम गर्ने र देश एकपछि अर्को कुरामा आत्मनिर्भर हुँदै जाने हो भने भारतीय उत्पादन र सेवाको ठाउँ नेपाली उत्पादनले लिन थाल्छन् । यसो भएमा भारतको नेपालसँग भइरहेको व्यापार खुम्चिन जान्छ जुन भारतको हितमा छैन, हुँदैन । यसलाई भारतले मसिनो अध्ययन गरेको छ, बुझेको छ ।

नेपालमा कुनै अलि ठूलो विदेशी लगानी आउन लाग्यो भने यसमा भारतको चासो हुन्छ । एउटा सानो उदाहरण: नेपालमा प्रति वर्ष तीन हजार मेट्रिक टन हाइब्रिड मकैको बीउ चाहिन्छ । त्यो सबै भारतबाट आयात हुन्छ । यहाँ किसानलाई सहयोग गरेर यस्तो बीउ उत्पादन गर्ने प्रयास गर्दा भारतको चासो देखिन्छ । सहयोग गर्ने निकायले उल्टापाल्टा काम गरेका छन् । त्यस्तो सहयोग गर्ने निकायमा भारतको पहुँच छ । यो त सानो नमूना मात्रै हो, यस्ता हजार क्षेत्र छन् ।

पछिल्ला तीस वर्ष (२०५०-८०) मा नेपालको वित्तीय क्षेत्र सबल बन्दै गएको छ । यसले आन्तरिक पूँजी निर्माण र रोजगारी सिर्जना गर्नमा राम्रै सहयोग पुगेको छ । वित्तीय सहयोग पाउँदा देशमा उद्योग, व्यापार गर्ने बढेका छन्, उत्पादन बढेको छ । नेपालको राजस्वमा राम्रो योगदान गरिरहेका छन् । यो क्षेत्रलाई अस्थिर, अविश्वसनीय र सङ्कटग्रस्त बनाउने हो भने नेपालको आन्तरिक उत्पादन र बजार कमजोर हुन्छ । त्यसैले यहाँ बैंक, लघुवित्त र सहकारीको ऋण तिर्नुपर्दैन भनेर खुलेआम अभियान चलाउनेलाई नेपाल सरकार समाउन सक्दैन । फन्डिङ नै गरेर सहयोग गरिरहेको सुन्नमा आएको छ र त्यसलाई होइन भन्न सकिने अवस्था छैन ।

नेपालमा उद्योग र व्यवसायमा लागेका केही ठूला घराना (अहिले दश मारवाडी घराना र पछिपछि सबैलाई) का विरुद्ध जनमत भड्काउन अनेक दाउपेच गरिँदैछ । यसको प्रभाव के हुन्छ ? सामान्य मानिस उनीहरूले कमाए भनेर रिस गर्ने र विरुद्धमा खुच्चिङ् भन्ने, ठीक भन्यो, ठीक गऱ्यो भन्ने !देशमा पूँजीको विकासले नै उद्योग र व्यापार फस्टाउने हो । लगानीकर्ताले ढुक्कले लगानी गर्दा नै रोजगारी सिर्जना हुने र उत्पादन एवं सेवा प्रवाह बढ्ने हो । राजस्व वृद्धि भएर देश धनी हुने हो । यहाँको पूँजीले पुगेन विदेशी आऊ, लगानी गर पनि भन्ने तर भएकाको ढुक्कले काम गर्ने वातावरण बिग्रँदा चुपचाप बस्ने, सुनेको नसुन्यै गर्ने प्रवृत्ति ठीक होइन ।

मानौं यहाँका ठूला घरानाका लागि नेपालमा लगानीको वातावरण राम्रो भएन, के हुन्छ ? कुनै न कुनै रूपमा त्यो पूँजी पलायन भएर भारतमा नै जाने हो । जहाँ पूँजीको परिचालन हुन्छ त्यहीं रोजगारी, सेवा र वस्तुको विस्तार हुन्छ । त्यहीं थप विकास हुन्छ । यति सामान्य कुरा बुझ्न नेपालीलाई फुर्सदै छैन ।

अमेरिका, चीन, भारत लगायत संसारका जुनसुकै मुलुक पूँजी लिएर देशमा आउने हरेकलाई रातो कार्पेट ओछ्याएर सुविधा दिन तयार छन् । तर नेपालमा पूँजी भएकालाई, उद्यमी व्यवसायीलाई लखेट्नुपर्छ भन्दा परर्र ताली बजाउने जमात छ । राजनीतिज्ञ र प्रशासनमा बसेका जिम्मेवार मानिस हरेक पाइलामा घुस, कमिसन मागेर अवरोध खडा गर्छन् । सर्वसाधारणलाई देश किन गरिब भयो भनेर चिन्ता र आक्रोश छ ।

ठूला व्यवसायी, उद्योगी, व्यापारी इमानदार भएनन् भन्ने आरोप छ । यसमा व्यवसायी, उद्योगी-व्यापारी इमानदार हुनुपर्छ । गल्ती गर्नेलाई कानुन अनुसार कारबाही गर्नुपर्छ । यसमा कुनै सम्झौता हुनुहुँदैन । तर जुन मुलुकमा भ्रष्ट राजनीतिक नेता र लोभी प्रशासकको बाहुल्य हुन्छ त्यो देशमा ‘फेयर’ व्यवसायी, उद्यमी पाउनु ढुंगामा बीउ उमार्नु जत्तिकै कठिन काम हो । त्यसैले उद्यमी, व्यवसायीलाई गाली गरेर मात्रै हुँदैन । यो वैश्य (व्यापारी) युग हो । सबै देशले आफ्नो मुलुकको हितमा काम गर्छन् । हामीले भारतलाई वा अर्को कुनै मुलुकलाई गाली गरेर समस्याको समाधान हुँदैन । हाम्रो देशको हित हामीले हेर्नुपर्छ अरूले किन हेरेनन् भन्नु हाम्रो मूर्खता मात्रै हुन्छ ।

सत्ता र सम्पत्तिको क्षणिक लाभका लागि देशको अहित र पराइ हितमा परिचालित मानिसलाई चिन्नुपर्छ । उनीहरूलाई सुधार्नुपर्छ, उनीहरू सुन्नुपर्छ । कुनै पनि देशको विकास अरूले गरिदिएर भएको होइन आफैं गर्नुपर्छ । यो वैश्य युगको विशेषतालाई बुझौं ।

*(साभार: अनलाइनखबर)*

# मधेसमा नेता देखिए तर नेतृत्व देखिएन

✍ जयप्रकाश यादव

नेल्सन मण्डेलाले भन्नुभएको थियो, ‘यदि कुनै देशलाई बर्बाद पार्नु छ भने अहिलेको जमानामा कुनै युद्धको जरुरी छैन, त्यहाँको शिक्षाक्षेत्रलाई खुकुलो बनाइदेऊ, देश आफैं बर्बाद हुन्छ ।’ यसै सिलसिलामा केही कुरा उल्लेख गर्न चाहन्छु । केही हप्ता पहिलाको कुरा हो ।

कानुनी प्रतियोगितामा बारा जिल्लाको चिउटाहाको एक प्रमुख व्यक्तिको कुरा सुनेर अचम्म भएँ । कार्यक्रममा चिउटाहाको कक्षा ८ मा पढ्ने विद्यार्थीको संख्या सुनेर अचम्म लाग्यो । त्यहाँ एउटा कक्षा कोठामा ६० देखि ७० जनासम्म विद्यार्थी हुने गरेको रेकर्ड थियो । कुनै कक्षामा सेक्सनसमेत छुट्याइएको थियो । सेक्सन भएको कक्षामा ६०-७० जना विद्यार्थीलाई कोचेर राख्ने गरेको रेकर्ड थियो । मधेसको एकमात्र जिल्लाको यस्तो कुरा आयो तर यस्ता कुरा अधिकांश विद्यालयका छन् ।

अब हजुरले एकछिन्को लागि सोच्नुस् कि यसरी सामुदायिक विद्यालयमा गोरु, भेडाबाख्रा कोचेजस्तो गरेर पढाउँदा गुणस्तरीय शिक्षा कसरी पाउन सकिन्छ ? यो देखेर, सुनेर पनि स्थानीय सरकार कानमा तेल हाली बसेका छन् । जबसम्म तीनवटै सरकारले यो विषयमा केही भन्दैन तबसम्म मधेसको शिक्षाक्षेत्रमा क्रान्ति ल्याउन सक्दैन ।

**शिक्षा नियमावलीअनुसार गर्नुपर्दा :**

शिक्षा नियमावली ऐन २०५९ को परिच्छेद १५ र नियम ७७ को उपनियम १ मा विद्यार्थीको संख्यासम्बन्धी व्यवस्था गरिएको छ । यसअनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका, तराई, पहाड र हिमाली क्षेत्रमा क्रमश: ४०, ४५ र ५० हुनुपर्नेछ । तर मधेसका अधिकांश विद्यालयमा ६० देखि ७५ जनाभन्दा बढी नै विद्यार्थी हुन्छन् । यसले शिक्षकलाई पढाउन गाह्रो भएको देखिन्छ । यदि यस्तै भइरहने हो भने हाम्रो मधेसको शिक्षा गुणस्तरीय हुन सक्दैन । एउटा कक्षा कोठामा ६० भन्दा बढी विद्यार्थी भए भने एक विद्यार्थीलाई १ मिनेट समय पनि दिन सकिँदैन अनि कसरी त्यो विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिन सकिन्छ ? यो कुरा सुनेर एकछिन् मैले एकदम भित्री आत्माबाट सोचेँ । अचम्म लाग्ने कुरा ४५ मिनेटको घण्टीमा कसरी ६० जनाभन्दा बढी विद्यार्थीलाई पढाउन सकिन्छ ?

वश्वको शिक्षित देशलाई हेर्नुपर्दा जापान, जहाँ प्राथमिक विद्यालयमा ३०-४० जना विद्यार्थी हुन्छन् । उनीहरूले पढ्नुपर्ने विषय भन्नुपर्दा जापानी, गणित, विज्ञान, सामाजिक अध्ययन, संगीत, शिल्प, शारीरिक शिक्षा र गृह अर्थशास्त्र रहेका छन् । उनीहरूले एक घण्टीलाई १ घण्टाको समय निकालेका छन् । हाम्रो नेपालमा भन्नुपर्दा एक घण्टीको समय जम्मा ४५ मिनेट तर विद्यार्थीको संख्या हेर्दा ६०-७५ भन्दा बढी हुन्छ । प्राथमिक तहमा विद्यार्थीलाई क्लास वर्गको हिसाबमा दिँदा एक विद्यार्थीलाई १ मिनेट पनि समय दिन सकिँदैन भने कसरी हाम्रो मधेस अथवा देशको शिक्षा क्षेत्रमा क्रान्ति ल्याउन सक्छौं ? विद्यार्थीको झोलामा किताबको भारी बोकाउँदैमा विद्यार्थी शिक्षित हुँदैन । अर्को कुरा भन्नुपर्दा विद्यार्थीलाई घोकाउँदा जति ज्ञानी बन्दैन, त्यति व्यवहारको कुराले बन्छ । विद्यार्थीलाई शिक्षकले व्यवहारको कुरा सिकाउँदा विद्यार्थी ज्ञानको खानी बन्न सक्छ ।

**मधेस प्रदेशको शिक्षा कमजोर :**

राष्ट्रिय स्तरमा कुल कक्षा छाड्नेको दर लगभग ३.५ प्रतिशत रहेको छ । त्यसमध्ये २.९१ प्रतिशत प्रदेश नम्बर २ को रहेको छ । कक्षा दोहोऱ्याउने दरको पनि एकदम नाजुक अवस्था देखिएको छ । कक्षा दोहोऱ्याउने राष्ट्रिय रूपमा ७.० प्रतिशत देखिएको छ । जसमध्ये ६.४१ प्रतिशत प्रदेश २ मा रहेको छ । तर प्रदेश नं. २ को स्थानीय सरकारले पनि कुनै किसिमको छलफल गरेको देखिएको छैन ।

यस्तै रहिरह्यो भने हाम्रो शिक्षामा सुधार आउन एकदमै कठिन छ । प्रदेश नं. २ कै कुरा गर्नुपर्दा कक्षा १ देखि ८ सम्मका एक लाख ५४ हजार ९ सय पढ्ने बालबालिका अझै विद्यालयबाहिर रहेका छन् । यी कुरा आफैंमा एक कठिन देखिन्छ । सबैभन्दा बढी सर्लाही जिल्लामा देखा परेका छन् । लगभग २५ हजारभन्दा बढी बालबालिका बाहिर बसेका हुन्छन् ।

कतिपय बालबालिका पढ्न स्कुल जाने क्रममा बाटोबाट बारीतिर घुम्न गएका देखिएका छन् । प्रदेश सरकार, समाजिक विकास मन्त्रालयअन्तर्गत शिक्षा विकास निर्देशनालयका अनुसार भन्नुपर्दा, प्रदेश २ का ८ जिल्लामध्ये शिक्षामा सबैभन्दा कमजोर रौतहट देखिएको छ । अनि अर्को कुरा निर्देशनालय प्रमुख चुडामणि फुयाँलका अनुसार दलित र मुस्लिम समुदायको साक्षरता झनै कमजोर रहेको देखिन्छ । मधेस प्रदेश साक्षरतामा निकै पछाडि परेको छ । यस क्षेत्रमा ८ जिल्ला पर्दछन् । दुर्भाग्यको कुरा, दुर्गम कर्णाली प्रदेशभन्दा पनि हाम्रो प्रदेश शिक्षाक्षेत्रमा निकै पछाडि रहेको छ ।

**“बेटी बचाओ, बेटी पढाओ” अभियान :**

प्रदेश नं. २ का बालबालिकाको शैक्षिक अवस्था कमजोर र बालविवाह धेरै देखिएपछि प्रदेश सरकार मुख्यमन्त्री लालबाबु राउत ‘बेटी बचाओ, बेटी पढाओ’ कार्यक्रम लिएर आउनुभएको थियो । तर किन हो कुन्नि यो अभियान राम्रो तरिकाले लागू हुन सकेन र अलपत्र पऱ्यो । यो कार्यक्रमको मुख्य उद्देश्य नै छोरीहरूको पढाइलाई निरन्तरता दिनु र बालविवाह रोक्नु थियो । यस कार्यक्रममा राम्रो बजेट थियो तर त्यो बजेटको सही उपयोग भएको देखिएन । यसबाट बुझ्न सकिन्छ कि मधेसमा नेता देखिए तर नेतृत्व देखिएन ।

*(साभार: न्यूज अफ नेपाल)*

# नियामकीय कोषबारे राष्ट्र बैंकको नयाँ परिपत्रले बढ्यो बैंकको वितरणयोग्य नाफा

काठमाडौं/नेपाल राष्ट्र बैंकको नियामकीय लचकताले वाणिज्य बैंकहरूको नाफामा सुधार देखिएको छ । ब्याज आम्दानी घट्दा समेत नियामकीय लचकताले सम्भावित कर्जा नोक्सानी व्यवस्था रकम घट्दा नाफा बढेको थियो ।

नियामकीय व्यवस्थाकै कारण बैंकका सेयरधनीले पाउने लाभांशमा समेत राहत पुग्ने भएको छ । वाणिज्य बैंकहरूको बुधबार प्रकाशित आर्थिक वर्ष २०८१/८२ को प्रथम त्रैमासको वित्तीय विवरण अनुसार नाफा २०.१७ प्रतिशतले बढेर १६ अर्ब १९ करोड पुगेको छ ।

बैंकहरूको खुद ब्याज आम्दानी गत वर्षको तुलनामा ६.०९ प्रतिशतले घटेर ४६ अर्ब ५५ करोडमा झर्दा पनि राष्ट्र बैंकले लिएको नियमकीय लचकताले कर्जा नोक्सानी व्यवस्था घटेसँगै नाफा केही वृद्धि भएको छ ।



गत आव प्रथम त्रैमासमा १६ अर्ब ५१ करोड ७२ लाख सम्भावित कर्जा नोक्सानीमा छुट्याइएकोमा चालु आव सोही अवधिमा १० अर्ब ८७ करोड मात्रै छुट्याएका छन् । कर्जा नोक्सानी व्यवस्थाको रकम ३४ प्रतिशतले घट्दा बैंकहरूको नाफामा सुधार देखिएको हो ।

राष्ट्र बैंकले कोभिड-१९ पछि कसिलो बनाएको बैंक तथा वित्तीय संस्थाको नियामकीय नीति क्रमश: खुकुलो बनाउँदै लगेको छ ।

गत साउनमा सार्वजनिक मौद्रिक नीतिमार्फत असल वर्गमा वर्गीकरण भएको कर्जामा १.२ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेमा चालु आवबाट १.१ प्रतिशत मात्रै कर्जा नोक्सानी व्यवस्था गर्दा हुने भएको छ ।

यस्तै कर्जामा वर्गीकरण सम्बन्धी व्यवस्थामा समेत संशोधन गरेको थियो । भाखा नाघेको कर्जाको बक्यौता ब्याज असुल भएर ६ महिनासम्म नियमित भए मात्रै असल वर्गमा वर्गीकरण गर्न पाइने र ६ महिनासम्म जुन वर्गमा वर्गीकरण भएको थियो, सोही वर्गमा वर्गीकरण गर्दा कर्जा नोक्सानी व्यवस्था पनि त्यसैअनुसार गर्नुपर्ने व्यवस्था थियो ।

त्यसलाई संशोधन गर्दै चालु आवबाट भाखा नाघेको कर्जा असुल भएर नियमित हुनासाथ सूक्ष्म निगरानीमा राखेर ५ प्रतिशत मात्रै कर्जा नोक्सानी व्यवस्था गर्दा हुने र ६ महिनासम्म नियमित भए असल वर्गमा वर्गीकरण गर्न सक्ने व्यवस्था गरेको छ ।

यस्तै २२ असोजमा एकीकृत निर्देशन संशोधन गर्दै ५० मेगावाटभन्दा ठूला हाइड्रोपावरको ६० प्रतिशत निर्माण सम्पन्न भएपछि ग्रेस अवधिको पूँजीकृत ब्याज आम्दानी जनाउन सक्ने व्यवस्था गरिएको छ । यी नीतिगत लचकताले बैंकहरूको नाफामा सुधार देखिएको हो ।

नियामकीय लचकताले नै नाफा मात्रै नभएर सेयरधनीलाई वितरण गर्न मिल्ने वितरणयोग्य मुनाफामा समेत सुधार देखिएको छ । गत आव प्रथम त्रैमासमा वाणिज्य बैंकहरूको वितरणयोग्य मुनाफा ६ अर्ब ६४ करोडले ऋणात्मक रहेकोमा चालु आव १० अर्ब ८० करोडले बचतमा छ । २२ असोजमा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई एक परिपत्र जारी गर्दै वितरणयोग्य मुनाफा गणना गर्दा नियामकीय जगेडा कोषमा छुट्याउनुपर्ने व्यवस्थामा परिमार्जन गरेको थियो ।

नयाँ लेखानीति नेपाल वित्तीय प्रतिवेदन मान अनुसार पाकेको ब्याज असुल नभए पनि आम्दानी जनाउनुपर्ने हुन्छ । यसरी नउठेको ब्याजलाई पनि आम्दानी जनाएर वित्तीय विवरण तयार भए पनि त्यसबाट लाभांश बाँड्न रोक्दै आएको थियो ।

राष्ट्र बैंकले नउठेको ब्याजबाट आम्दानी जनाएर कर्मचारी बोनस र आयकर तिरेपछि बाँकी रहने ६३ प्रतिशतलाई नियामकीय जगेडा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको थियो । यस्तै मुनाफाबाट २० प्रतिशत जगेडा कोष र १ प्रतिशत संस्थागत सामाजिक उत्तरदायित्व कोष (सीएसआर) मा छुट्याउनुपर्ने व्यवस्था थियो ।

तर, २२ असोजमा एक परिपत्र जारी गर्दै साधारण जगेडा कोष र संस्थागत सामाजिक उत्तर दायित्व कोषमा छुट्याएको रकम घटाएर हुने करिब ५० प्रतिशत मात्रै नियामकीय जगेडा कोषमा छुट्याउँदा हुने व्यवस्था गऱ्यो ।

एनएफआरएस कार्यान्वयन भएपछि पाकेर उठ्न नसकेको ब्याजलाई आम्दानी जनाएर साधारण जगेडा कोष र सीएसआरको रकम नियामकीय जगेडा कोषमा छुट्याउँदै आएकोमा चालु आव प्रथम त्रैमासमा सञ्चित मुनाफामा ट्रान्सफर गर्दा बैंकहरूको वितरणयोग्य मुनाफाका साथै सञ्चित नाफामा समेत सुधार भएको हो ।

नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसी पनि २२ असोजमा राष्ट्र बैंकले परिपत्र मार्फत नियामकीय जगेडामा छुट्याउनुपर्ने रकम सम्बन्धी व्यवस्थामा गरेको परिमार्जनले बैंकहरूको वितरणयोग्य मुनाफामा सुधार देखिएको बताउँछन् ।

तर, खुद ब्याज आम्दानी घटेको र व्यवसाय बढ्न नसक्दा वित्तीय विवरणमा दबाब रहेको उनले बताए । 'कर्जा नोक्सानी व्यवस्था घट्दा नाफा बढेको देखिए पनि अझै पनि लगानीको प्रतिफल दर १० प्रतिशतभन्दा तलै छ । अब सुधार हुँदै कर्जा असुली र लगानीमा समेत सुधार हुँदै जाँदा वित्तीय विवरणमा सकारात्मक प्रभाव पर्छ भन्ने अपेक्षा हो,' उनले भने ।

गत आव प्रथम त्रैमासमा मर्जर भएको करिब आधा दर्जन बैंकहरूलाई ब्याजदर अन्तर (स्प्रेड दर) मा १ प्रतिशत सहुलियत थियो । यो वर्ष उक्त सहुलियत सकिँदा धेरै बैंकको खुद ब्याज आम्दानी उच्च दरमा घटेको अध्यक्ष केसी बताउँछन् । सीडी रेसियो घट्दा बैंकहरूसँग अधिक तरलता रहेको र न्यून ब्याजदरमा राष्ट्र बैंकले खिचेको तरलतामा लगानी गर्नुपर्ने, विकास ऋणपत्र र ट्रेजरी बिलको ब्याजदर घट्दा त्यसले खुद ब्याज आम्दानीमा समेत प्रभाव परेको अध्यक्ष केसीले बताए ।

'कर्जा बढ्न सकेको छैन भने ब्याज आम्दानीको अन्य स्रोत समेत संकुचन हुँदा आम्दानी नै घटेको छ,' अध्यक्ष केसीले भने, 'सम्भावित कर्जा नोक्सानीको प्रोभिजन राष्ट्र बैंकले अपनाएको लचकताले घटेको छ । जसले केही सकारात्मक प्रभाव देखिएको हो ।'

बैंकहरूको निष्क्रिय कर्जा बढेर ४ प्रतिशतमाथि लागेको भन्दै त्यसले केही दबाब परेको उनले बताए । 'तीन बैंकको निष्क्रिय कर्जा ५ प्रतिशतमाथि पुगेको छ । बाढीपहिरोका कारण असोजमा कर्जा रिकभरी अपेक्षित हुन नसक्दा निष्क्रिय कर्जा बढ्यो,' उनले भने, 'दोस्रो त्रैमासमा बीमा दाबीपछि कर्जा असुलीमा सुधार र पुनर्निर्माण सुरु हुँदा आर्थिक गतिविधिमा सुधार भएर कर्जा रिकभरीमा पनि सुधार हुने एउटा आशा बाँकी छ ।' यसले बैंकहरूमा रहेको अधिक तरलता पनि परिचालन हुने अपेक्षा रहेको उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'पूर्ण बहादुरको सारङ्गी'को दोहोरी गीतमा विजय र अञ्जनाको घोचपेच र प्रेम

काठमाडौं/झिलिमिलीको पर्व मानिने तिहारको बिदा पारेर यही कात्तिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को नयाँ गीत सार्वजनिक गरिएको छ । बुधबार युट्युबमार्फत् सार्वजनिक दोहोरी ब्याटल शैलीको 'रैयाँ चाँदीको' गीतमा आशिष अविरल र मेलिना राईको स्वर छ भने नवराज पन्तको शब्द रचना तथा गायक अविरल स्वयंको संगीत छ ।



गीतको भिडियोमा फिल्मका दुई प्रमुख पात्र विजय बराल र अञ्जना बराइली सर्तसहित रोधी बसेका छन् । बाटुली (अञ्जना) हारे पूर्णे (विजय)को श्रीमती बन्ने अनि पूर्णे हारे बाटुलीको घरमा हली बस्नुपर्ने सर्त राखिएको छ । त्यो सर्त स्वीकार गरेर दुवै रोधी बस्छन् । झन्डै ९ मिनेट लम्बाईको गीतमा घोचपेच र प्रेमका कुरा समेटिएको छ । अन्तिममा अञ्जनाले रोधी हारेपछि विजयले उनलाई साथमा लिएर जान्छन् । गीतमा गायन, शब्द र संगीतको उत्कृष्ट संयोजन छ । भिडियो पनि आकर्षक छ ।

फिल्मको एकपछि अर्को सशक्त 'कन्टेन्ट' आइरहेका छन् । अघिल्लो साता सार्वजनिक ट्रेलरले अब्बल प्रतिक्रिया प्राप्त गरेको छ । 'काँधेकुरी' गीत पनि टिकटक जस्ता प्लेटफर्ममा लोकप्रिय बनिरहेको छ । 'स्टारकास्ट' र प्रचार अभियान पनि बलियो देखिएकाले फिल्मले घरेलु बक्स अफिसमा राम्रो व्यापार गर्न सक्ने छनक देखिन्छ । 'वर्ड अफ माउथ' अब्बल रहेको खण्डमा फिल्मले ५ दिन लामो तिहार बिदामा आक्रामक व्यापार गर्न सक्छ ।

सरोज पौडेलको कथा तथा निर्देशनमा बनेको फिल्ममा विजय र अञ्जनासहित प्रकाश सपूत, मुकुन भुसाल, माओत्से गुरुङ, विनोद न्यौपाने, शंकर आचार्य, बुद्धि तामाङ, देशभक्त खनाल, भोलाराज सापकोटा, अलिसा बास्तोला, श्याम केसी, सरिता शाह लगायतको अभिनय छ । विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता रहेको फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ ।

# ६० लाखको भिडियोमा साम्राज्ञी

काठमाडौं/यतिबेला अभिनेत्री साम्राज्ञी आरएल शाहको करिअर सन्तुलित छैन । श्रृंखलाबद्ध रुपमा उनका फिल्म असफल भइरहेका छन् । ७ वर्षमा उनका ७ वटा फिल्म चलेनन् । अब उनको करिअर कसरी अगाडि बढ्छ भन्नेमै अन्योल देखिन्छ । डेब्यु फिल्म 'ड्रिम्स'पछि उनी सर्वाधिक डिमान्डेड र महंगी अभिनेत्री बनेकी थिइन् । तर, फिल्म छनोटमा चुक्दा उनको करिअर नै संकटमा परेको छ ।



साम्राज्ञीले फिल्ममा मात्र होइन, म्यूजिक भिडियोमा पनि आफ्नो उपस्थिति जनाउँदै आएकी छन् । यद्यपि, उनले यसलाई खासै प्राथमिकता दिने गरेकी छैनन् । १/२ वर्षमा उनको एउटा म्यूजिक भिडियो आउँछ । यसपटक भने उनले नेपालकै सबैभन्दा महंगो म्यूजिक भिडियोमा काम गरेकी छन् । ६० लाखको लगानीमा तयार भएको 'मालती' बोलको डान्सिङ शैलीको गीतमा साम्राज्ञीको जोडी विशाल खरेलसँग बाँधिएको छ । गीतलाई दशैंअघि थाइल्याण्डमा खिचिएको हो ।

बुधबार मोडल खरेलको जन्मदिनमा गीत छायांकनका केही तस्वीरहरु सार्वजनिक गरिएको छ, जसमा साम्राज्ञी बोल्ड अवतारमा प्रस्तुत छिन् । एक सातासम्म थाइल्याण्डमा छायांकन गरिएको गीतमा त्यहाँका चर्चित मोडलहरुलाई कोरसमा उतारिएको निर्देशक सञ्जय न्यौपानेले जानकारी दिए । यो गीतले नेपाली म्यूजिक भिडियोलाई अन्तरर्राष्ट्रिय बजारमा चिनाउने उनको दाबी छ ।

फिल्मको कुरा गर्दा यतिबेला साम्राज्ञीसँग 'रुमानी रंग' मात्र छ । यो पनि उनले करिब एक वर्ष अगाडि सम्झौता गरेकी हुन् । तर, निर्देशक हेरफेरले फिल्मको छायांकन नै सुरु हुन सकेको छैन । यसमा उनको जोडीको रुपमा अभिनेता धीरज मगर देखिँदैछन् । यसअघि उनीहरुले फिल्म 'इन्टु मिन्टु लण्डनमा'मा एकसाथ काम गरेका थिए ।

# १ अर्बभन्दा बढीको कारोबार गर्ने सहकारी राष्ट्र बैंकले हेर्ने

काठमाडौं/भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी नियमन तथा सुपरीवेक्षण गर्ने विशिष्टिकृत संस्था (एसटीआई) गठन गर्ने तयारी पूरा भएको बताएका छन् । यस्तै सहकारी कर्जा सूचना केन्द्र र बचत तथा कर्जा सुरक्षण कोष गठन गृहकार्य पूरा भएको पनि उनको भनाइ छ ।



नेपाल राष्ट्र बैंक अन्तर्गतको कर्जा सूचना केन्द्रमा सहकारी क्षेत्रसमेत समावेश गर्ने गरी राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गर्ने गरी सरोकावाला निकायबीच सहमति भएको मन्त्रालयले जनाएको छ ।

बुधबार मन्त्रालयमा राष्ट्र बैंक, कर्जा सूचना केन्द्रका पदाधिकारी, निक्षेप तथा कर्जा सुरक्षण कोष, अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालय र सरोकारवाला बीच उक्त सहमति जुटेको हो ।

सहकारी नियमन तथा सुपरीवेक्षण निकाय गठन गर्न विधेयकको मस्यौदा तयार गर्ने, १ अर्बभन्दा बढी रकमको कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्था नियमन र सुपरीवेक्षण राष्ट्र बैंकले गर्ने सहमति भएको मन्त्रालयले जनाएको छ ।

सहकारी विभाग र सहकारी बोर्डलाई मर्ज गरेर प्राधिकरण गठन गर्ने, ५ लाख सम्मको साना बचतकर्ताको रकम सरकारको जमानीमा आन्तरिक ऋणपत्र जारी गरी फिर्ता गर्ने कार्यमा राष्ट्र बैंकले समन्वय र सहजीकरण गर्ने सहमति भएको हो ।

समस्याग्रस्त सहकारीको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाउने विषयमा सबै पक्षबीच एकमत देखिएको मन्त्रालयले जनाएको छ ।

संयुक्त बैठकमा मन्त्री अधिकारीले तीन तहकै सरकारका सहकारी सम्बद्ध निकाय, राष्ट्र बैंक र यस क्षेत्रका सरोकारवालासँग गरिएको पटक-पटकको छलफलबाट सहकारी क्षेत्र सुधारका लागि कर्जा सूचना केन्द्र र दोस्रो तहको विशिष्टिकृत नियामक गठन अपरिहार्य रहेको बताए ।

कर्जा सूचना केन्द्र र विशिष्टिकृत नियामक निकाय गठनले सहकारी क्षेत्रमा सुधारको संकेत देखापर्ने मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखेलले बताए ।

सहकारी क्षेत्रका विभिन्न निकाय थप्दै जादाँ एकै प्रकृतिका कार्य गर्ने संस्था मर्ज गरेर जान सकिने विकल्प उनले अगाडि सारे । सहकारी विभाग, राष्ट्रिय सहकारी विकास बोर्ड लगायत संरचनाको पुनर्संरचना आवश्यक रहेको समेत उनले बताए ।

छलफलमा राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले सहकारीमा जम्मा गरेको बचत फिर्ताका लागि सरकारसँग मिलेर काम गर्न तयार रहेको बताए । सहकारी क्षेत्र सुधार गर्न सकेमात्र 'क', 'ख' र 'ग' वर्गका वाणिज्य बैंक र समग्र वित्तीय क्षेत्रप्रति विश्वास बढेर जाने उनको भनाइ छ ।

# काठमाडौं तराई मधेश द्रुतमार्गको काम ३६ प्रतिशत सकियो

काठमाडौं/काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको ३६.४२ प्रतिशत भौतिक काम सकिएको छ ।

रक्षा मन्त्रालयका प्रवक्ता सहसचिव मनोजकुमार आचार्यका अनुसार द्रुतमार्गको कामलाई समयमै सम्पन्न गर्न विभिन्न प्याकेजमा छुट्टाछुट्टै हिसाबले काम भइरहेको छ । त्यसअन्तर्गत प्याकेज २ मा पर्ने धेद्रे सुरुङ मार्ग २१ साउनमा ब्रेक थ्रु भएको छ ।

सैनिक अधिकृतहरुका अनुसार, द्रुतमार्गका जटिलमध्येका कामहरु अहिले भइरहेको छ । द्रुतमार्गको सुरु बिन्दु निर्धारण तथा सवारी आवागमनबारे इञ्जिनियरिङ अध्ययन संस्थान र पुल्चोक क्याम्पस अन्तर्गत रिसर्च एण्ड ट्रेनिङ युनिटबाट पनि सम्भाव्यता अध्ययन गरिएको रक्षा मन्त्रालयका प्रवक्ता आचार्यले बताए ।

फास्ट ट्र्याक आयोजना अन्तर्गत रहेका ८९ पुलहरुमध्ये ८५ स्थानका पुलहरु निर्माणका लागि सम्झौता भएको छ भने मकवानपुरको राजदमार इलाकामा ५ वटा पुलहरुको निर्माण कार्य सकिएको छ ।

द्रुतमार्गमा हालसम्म ३१ हजार ९५० रुखहरु काटिएका छन् र काटिएका रुखहरुको बदलामा हालसम्म ७ लाख ५ हजार ५५२ नयाँ बिरुवा रोपिएका छन् ।

प्रस्थान बिन्दु खोकना र अन्तिम बिन्दु निजगढ रहेको यस काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको कुल लम्बाइ ७०.९७७ किलोमिटर रहेको छ । काठमाडौं निजगढ द्रुतमार्ग मुलुकको उच्च प्राथमिकतामा परेको राष्ट्रिय गौरवको आयोजना हो ।

सरकारले २१ वैशाख २०७४ मा फास्ट ट्याक निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाई दिएको थियो । त्यसबेला ३० साउन २०८० भित्र निर्माण सम्पन्न गर्ने गरी सेनालाई जिम्मा दिइएपनि अहिले यो अवधि बढाएर २०८३ को चैत मसान्तसम्म सारिएको छ ।

# पुन:निर्माण कोषमा कोशी सरकारले राख्यो ४० करोड

विराटनगर/कोशी प्रदेश सरकारले बाढी पहिरोका कारण क्षति पुगेको संरचना मर्मत तथा निर्माणका लागि 'मर्मत तथा पुन:निर्माण कोष'मा ४० करोड रुपैयाँ जम्मा गर्ने निर्णय गरेको छ ।

४ कात्तिकमा अध्यादेश मार्फत विपद् व्यवस्थापन ऐन २०७५ संशोधन गर्दै मर्मत तथा पुन:निर्माण कोष कोषको व्यवस्था गरेको थियो ।

बुधबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले गत असोज दोस्रो साता अविरल वर्षासँगै आएको बाढी र पहिरोका कारण भएको क्षतिको पुन:निर्माण र सर्मतसम्भारका लागि मर्मत तथा पुन:निर्माण कोषमा ४० करोड रुपैयाँ जम्मा गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुनमन्त्री लीलावल्लभ अधिकारीले कटौती गर्न नमिल्ने रकम बाहेक अन्य शीर्षकबाट कोषमा बजेट व्यवस्थापन गरिएको बताए । यो कोषमा प्रदेशका मन्त्रीले १० दिनको पारिश्रमिक जम्मा गर्ने भएका छन् ।

सांसदहरुलाई सम्बन्धित दलमार्फत सहयोग गर्न आग्रह गर्ने र कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई पनि कोषमा सहयोग गर्न आव्हान गर्ने निर्णय भएको मन्त्री अधिकारीले बताए । बाढी पहिरोको कारण कोशी प्रदेशमा सडक, पुल, सिँचाइ, भवन, विद्यालय गरेर ४ अर्ब रुपैयाँ बढीको क्षति भएको थियो ।

# 'साइबर सेना'को कमान्डरको रुपमा चित्रित गरेपछि सन्तोष भन्छन्, 'म जेल जान तयार छु'

काठमाडौं/घरेलु बक्स अफिसमा आक्रामक व्यापार गरिरहेका दशैंका दुई फिल्म 'छक्का पञ्जा ५' र '१२ गाउँ'का निर्माताबीच शितयुद्ध जारी छ । रिलिजपूर्व 'छक्का पञ्जा ५'का हरेक प्रचार सामाग्रीमा '१२ गाउँ'को मात्र नाम आएपछि कलाकार दीपकराज गिरीले त्यसलाई 'साइबर सेना'को संज्ञा दिएका थिए । उनको यो अभिव्यक्तिबाट चिढिएका अभिनेता विराज भट्टले फिल्मको व्यापार बम्पर भएपछि 'साइबर सेना' भन्नेहरुलाई हलमा आएर हेर्न चुनौती नै दिए ।

'साइबर सेना'को विषय सेलाउने अझै छाँटकाँट देखिएको छैन । हालै एपीवान टिभीबाट प्रशारित 'द प्रकाश सुवेदी शो'मा कार्यक्रम सञ्चालक प्रकाश सुवेदीको प्रश्न र अतिथि बनेर पुगेका कलाकार दीपकराज गिरीको अभिव्यक्तिले यो प्रकरणमा घ्यू थप्ने काम गरेको छ । त्यहाँ 'कुन रुपमा चिन्नुहुन्छ ?' भन्ने सेक्सनमा निर्माता सन्तोष सेनको तस्वीर देखाइएको थियो । र, दीपकराजले सेनलाई साहसी निर्माताको रुपमा ब्याख्या गर्दै उनले गर्ने फिल्म प्रचार शैलीको खुलेरै प्रशंसा गरे ।

दीपकराजको कुरा टुंगिन नपाउँदै पत्रकार सुवेदीले सोधिहाले, 'अहिले त उहाँलाई कमान्डर पनि भन्दा रहेछन् नि, हो ?' कमान्डर भनेर उनले 'साइबर सेना'तर्फ इंकित गरेको प्रष्ट बुझिन्छ । अर्थात् दीपकराज समूहमाथि भएको साइबर आक्रमणको योजनाकार सन्तोष हुन् भन्ने बजारको हल्लाप्रति उनको संकेत थियो । र, जवाफमा दीपकराजले पनि आफूले त्यही सुनेको प्रतिक्रिया दिए । दीपकले भने, 'उहाँ कमान्डर हो भन्ने कुरा मैले पनि सुनेको छु । ठीक छ, कमान्डिङ राम्रो छ । त्यो सकारात्मक कमान्डिङ रहोस् ।' पत्रकार सुवेदीले फेरि सोधिहाल्ने, 'तपाईंले अहिले जति गाली खाइरहनुभएको छ, त्यसमा सबैभन्दा ठूलो हात उहाँको हो ?' दीपकराजले यसलाई नकार्न सकेनन् । आफूले त्यही सुनिरहेको जवाफ फर्काउँदै उनले करिअरको यो क्षणमा आएर कसैले आफूमाथि प्रहार गरेको हो भनेर दाबी गर्न नैतिकताले नदिने बताए ।

उनी भन्छन्, 'मेरो कानमा चाहिँ आएको छ । तँविरुद्ध क्याम्पेनिङ गऱ्यो भन्छन् । तर, म सुनेको भरमा दौडिन्नँ । यदि हो भने पनि ठीक छ नि ! तर, म होइन भन्छु । मलाई 'छक्का पञ्जा ४'मा उहाँले नैतिक बल दिनुभएको थियो ।' दीपकराजले 'बलिदान'का लागि निर्माता सेनले आफूलाई प्रस्ताव गरेको पनि खुलासा गरे । तर, एक्सन फिल्म गर्न आँट नआएको उनको भनाई छ ।

उक्त अन्तर्वार्तामा आफूलाई 'साइबर सेना'को कमान्डरको रुपमा चित्रित गरिएपछि निर्माता सेनले आपत्ति जनाएका छन् । उनले बुधबार सामाजिक सञ्जालमा २५ मिनेट लामो भिडियो सेअर गर्दै बिना प्रमाण लाल्छना नलगाउन चेतावनी दिएका छन् । आफूबाट यो काम भएको रहेछ भने जेल जान तयार रहेको उनको भनाइ छ ।

उनले भनेका छन्, 'जसले उहाँहरूलाई भनेको हो, उसलाई कारबाही त गर्नुपर्छ । प्रकाश दाईलाई कसले भनेको हो त्यो मान्छे पनि ल्याउनुपऱ्यो अनि दीपक दाईले पनि मैले सुनेको हो भन्नुभएको छ । उहाँलाई सुनाउने मान्छे पनि ल्याउनुपऱ्यो । मान्छेलाई त्यतिकै लाल्छना लगाउन त मिल्दैन नि । यदि मैले गरेको हो भने मलाई थुन्नुपऱ्यो । गाली गर्ने समूह बनाएर मान्छेलाई डिप्रेसनमा पार्न सुहाउँछ मलाई ? त्यो हो भने मलाई थुन्नुपर्छ । मलाई जेल हाल्नुपर्छ । म जेल जान तयार छु ।'

'१२ गाउँ' हेर्न हलमा उर्लिएका दर्शकलाई 'साइबर सेना' र 'साइबर स्याल' भनेर अपराधी करार गरिएको सेनको तर्क छ । भन्छन्, 'प्रकाश दाई र दीपक दाईले कोबाट सुन्नुभएको हो, त्यसलाई उभ्याउनुपऱ्यो । उसलाई उभ्याएपछि जरासम्म त पुगिन्छ नि । अहिलेको डिजिटलको समयमा कहाँबाट परिचालन भएको हो, सबै थाहा हुन्छ । उहाँहरुले त दर्शकलाई अपराधी बनाउनुभयो ।'

उनले भिडियोमा दीपकराज गिरीप्रति कटाक्ष समेत गरेका छन् । कसैले २० करोड कमाउँदैमा इन्डस्ट्री नधानिने उनको तर्क छ । 'दीपकराज गिरीले इन्डस्ट्री धानेको भन्ने मनगढन्ते कुरा गरिएको छ । एउटाले २० करोड कमाउँदैमा इन्डस्ट्री धानिँदैन । फिल्म रिलिज भएपछि उल्टै प्राविधिक, सर्भरलाई पैसा तिर्नेको पनि उतिक्कै भूमिका छ,' उनी भन्छन्, 'तपाईं (दीपकराज गिरी)ले ८ वटा फिल्मबाट एक अर्ब कमाउनुभएछ ।'

# राष्ट्रियस्तरका विकास बैंकको नाफा २९ प्रतिशत बढ्यो

काठमाडौं/राष्ट्रियस्तरका ८ विकास बैंकको औसत नाफा २९.०६ प्रतिशत बढेको छ । सार्वजनिक चालु आर्थिक वर्षको पहिलो त्रैमासिक वित्तीय विवरणअनुसार तीन महिनामा यी विकास बैंकको खुद नाफा १ अर्ब ४२ करोड ९० लाख रुपैयाँ छ । गत आर्थिक वर्षको पहिलो तीन महिनामा १ अर्ब १० करोड ७२ लाख रुपैयाँ थियो ।

लोन लस प्रोभिजन घट्नु र खुद ब्याज आम्दानी बढ्दा विकास बैंकहरुको नाफामा सुधार देखिएको हो । वाणिज्य बैंकहरुको तुलनामा विकास बैंकहरुको वित्तीय स्थितिमा राम्रो सुधार भएको देखिन्छ ।

अधिकांश वाणिज्य बैंकहरुको खुद ब्याज आम्दानी घटेका बेला विकास बैंक भने अधिकांशको बढेको छ । मुक्तिनाथ विकास बैंक, साइन रेसुङ्गा, गरिमा विकास, लुम्बिनी विकास, ज्योति विकास, महालक्ष्मी विकास बैंक तथा सांग्रिला विकास बैंकको खुद ब्याज आम्दानी नै पहिलेको तुलनामा बढेको छ । एउटा विकास बैंक महालक्ष्मीको मात्रै नाफा सामान्य घटेको छ ।

विकास बैंकहरुमा ज्योति विकासको नाफा सबैभन्दा धेरै १९७ प्रतिशतले बढेको छ । त्यस्तै महालक्ष्मीको नाफा १.१ प्रतिशत घटेको छ । मुक्तिनाथ विकास बैंकले सबैभन्दा धेरै २८ करोड १८ लाख रुपैयाँ खुद नाफा कमाएको छ ।

प्रतिसेयर आम्दानीका आधारमा भने लुम्बिनी विकास बैंक सबैभन्दा अगाडि देखिएको छ । सो विकास बैंकको वार्षिक प्रतिसेयर आम्दानी २२ रुपैयाँ ९७ पैसा छ । प्रतिसेयर आम्दानीका आधारमा सांग्रिला विकास बैंकको सबैभन्दा न्यून ७ रुपैयाँ छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# सिन्धुलीगढी घुमेर हेर्दा...



साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/ नेपालको ऐतिहासिक गाथा बोकेको बागमती प्रदेशस्थित सिन्धुलीगढी दरबार क्षेत्र नेपालको घुम्नलायक क्षेत्र मध्यको एक हो ।

प्रदेशको राजधानी हेटौंडाबाट १२० किलोमीटर मदन भण्डारी लोक मार्ग यात्रा गरेपछि पुगिने सिन्धुलीको सदरमुकामपछि १८ किलोमीटर विपी राजमार्गको उकालो यात्रापश्चात सिन्धुलीगढी दरबार पुगिन्छ । दरबार पुग्नु ३ किलोमीटर अगाबै पुगिने सेल्फी डाडा पर्यटकहरुको लागि तस्विर कैद गर्ने आकर्षक गन्तब्य बन्दै आएको छ । राजमार्गमानै पर्ने सेल्फी डाडामा पर्यटकले आराम गर्दै स्थानीय उत्पादनको जुनार, अम्बा, आट लगाएतको फलफूलको स्वाद लिन समेत पाँउछ्न ।

केहिबेरको आराम पश्चात सिन्धुली दरबार क्षेत्रको चिसो किल्लामा पुगिन्छ । दरवार क्षेत्र प्रवेश गर्नासाथ सानो गढिको अबलोकन गर्न सकिन्छ । त्यसपछि तल ओर्लिएर युद्ध संग्रालयलाई अबलोकन गर्न सकिन्छ । संग्रालयमा तत्कालिन युद्धमा प्रयोग भएको हातहतियार,शिलालेख र युद्दमा अतुलनीय योगदान दिने नेपाली विरहरुको गाथाबारे अध्ययन गर्न सकिन्छ ।

संग्रालय परिषरमै रहेको तत्कालिन जेलघर, अदालत तथा युद्धमा साहदत गरेका अगुवा सहिदहरुको शालिक अबलोकन गर्दै नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहको पुर्ण कदको आकर्षक प्रतिमा पर्यटकको रोजाईमा पर्छ । त्यसपछी करिव १३० वटा सिढी उक्लेर गढी किल्ला पुगिन्छ । निकै ठाडो उकालो रहेको उक्त सिढी उक्लदा जो कोहि पनि थकित हुन्छ्न तर किल्लामा पुगेपछि ती थकान हराउँदै जान्छ । तत्कालिन समयमा युद्धको किल्ला कस्तो हुन्छ भनेर बुझ्न खोज्नेहरुको लागि उक्त क्षेत्र एउटा पाठशाला हो ।

गढी किल्लाको अबलोकन पश्चात करिव एक किलोमीटर दुरिमा आकर्षक रानी महल रहेको छ । तर व्यवस्थापन अभावमा रानी महल जिर्ण बन्दै गएको छ । जुनारको राजधानी भनेर चिनिने सिन्धुलीमा दरबार वरपर दर्जनौको संख्यामा विक्री केन्द्रहरु छ्न । जुनारका दानादेखि जुस सम्म पर्यटकले सहज खरिद गर्न सक्दछ्न ।

# वनस्पति अनुसन्धान केन्द्र घुम्न टिकट

साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/ वनस्पति उद्यान, हेटौंडा, पर्वतीय वनस्पति उद्यान, दामन र टिस्टुंग वनस्पति उद्यान, टिस्टुंगको नियमित स्याहार संभार गर्नुका साथै पर्वतीय वनस्पति उद्यान, हेटौंडा र पर्वतीय वनस्पति उद्यान, दामनमा टिकट व्यवस्थापन सुचारु गरिएको छ ।

चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर अन्तरगत रहेका स्थानमा टिकटको व्यवस्था गरिएको हो । वर्षाको समय भएकोले वनस्पति उद्यानहरुमा भ्रमण गर्ने तथा सेवा लिन आउनेहरुको संख्या अरुबेला भन्दा न्यून देखिन्छ ।

विशेषगरी विभिन्न विधाका विद्यार्थीहरु शैक्षिक भ्रमणको लागि ठूलो संख्यामा भ्रमणको लागि आउने गरेकोमा यस अवधिमा वर्षा तथा सडक यातायातको कठिनाइको कारण अपेक्षितरुपमा विद्यार्थीहरुले भ्रमण गर्न नसकेको देखिन्छ तर क्रमश यसमा सुधार हुने अपेक्षा गरिएको वनस्पति उद्यान, हेटौंडाका प्रमुख रघुराम पराजुलीले बताए ।

चालु आर्थिक वर्षको प्रथम त्रैमासिकमा उद्यान टिकेटिंग र ५० प्रतिशत अनुदानको विरुवा वितरण समेत गरि राजस्व संकलन १ लाख ६६५ रुपैयाँ संकलन भएको उनले बताए । त्यसैगरी उद्यानबाट लाभान्वित भएको सेवाग्राहीको संख्या १ हजार ३६२ र उद्यान अवलोकन गर्ने आन्तरिक आगन्तुकको संख्या २ हजार ५६३ रहेको छ ।

यस आर्थिक वर्षको प्रथम त्रैमासिकमा सशुल्क र निशुल्क गरि ५ हजार ३५५ विभिन्न प्रजातिका विरुवा वितरण गरिएको छ । मौसमी शोभनीय फूल विरुवा उत्पादन गरी वनस्पति उद्यानहरुमा सजावट गर्नुका साथै सेवाग्राहीहरुलाई वितरण पनि गरिएको पराजुलीले बताए । तीनवटै वनस्पति उद्यानहरुमा विभिन्न वहुवर्षिय विरुवाहरुको कटिङ राखिएको छ ।

# अस्पतालमा भक्तपुर उत्कृष्ट, स्वास्थ्य कार्यालयमा मकवानपुर तेस्रो



साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/ बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयले प्रदेशका अस्पतालहरु र जनस्वास्थ्य कार्यालय र आयुर्वेदिक केन्द्रहरुलाई पुरस्कृत गरेको छ ।

बागमती प्रदेशभरिका अस्पतालमध्ये भक्तपुर अस्पताल उत्कृष्ट भएको छ । स्वास्थ्य निर्देशनालय हेटौंडामा भएको वार्षिक समीक्षा कार्यक्रममा बुधवार बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाले उत्कृष्ट हुने अस्पतालहरुलाई प्रमाणपत्र प्रदान गरे । प्रादेशिक अस्पतालहरुलाई कार्य सम्पादनको आधारमा पुरस्कृत गरिएको थियो । प्रदेशका १३ अस्पतालमध्ये भक्तपुर अस्पतालले विभिन्न शीर्षक अन्तर्गत भएको मुल्यांकनमा कुल १०० अंकमध्ये ८३.४४ अंक प्राप्त गरेको थियो ।

त्यस्तै दोस्रो स्थानमा सिन्धुली अस्पताल रहेको छ । सिन्धुली अस्पतालले १०० अंक मध्ये ७८.४७ प्राप्त गरेको थियो । तेस्रो स्थानमा धादिङ अस्पताल रहेको छ । धादिङले ७७.४७ अंक प्राप्त गरेको थियो। त्यसैगरी जनस्वास्थ्य कार्यालयको मुल्यांकनमा ७५.२४ अंक सहित जनस्वास्थ्य कार्यालय ललितपुर पहिलो स्थानमा रहँदै उत्कृष्ट भएको छ । दोस्रो स्थानमा जनस्वास्थ्य कार्यालय चितवन रहेको छ । चितवनले ७३.७५ अंक प्राप्त गरेको छ भने तेस्रो स्थानमा ७२.४९ अंकसहित जनस्वास्थ्य कार्यालय मकवानपुर रहेको छ ।

आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा तर्फ ८८.२० अंकसहित आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय काठमाडौं पहिलो स्थानमा रहन सफल भएको छ । ८८.१० अंकसहित दोस्रो स्थानमा आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय मकवानपुर रहेको छ भने ८३.२० अंकसहित आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालय भक्तपुर तेस्रो स्थानमा रहेको छ ।

**अनुसन्धानमा आधारित विकास योजना तयार गर्नुपर्छः मुख्यमन्त्री लामा**

मुख्यमन्त्री लामाले अध्ययन अनुसन्धानका आधारमा सरकारले विकासका योजना तयार गर्नुपर्ने बताए । उनले अनुसन्धान विना नै विकास आयोजना कार्यान्वयन गर्दा सरकारको खर्च बढी र उपयोगिता कम भइरहेको बताए ।

स्वास्थ्य मन्त्रालय अन्तर्गतको वार्षिक समीक्षा गोष्ठीको समापन सत्रमा बोल्दै मुख्यमन्त्री लामाले प्रदेशको आवश्यकता र विकासको योजनामाथि तादम्यता कायम गर्न अध्ययन अनुसन्धानमा जोड दिनुपर्ने बताएका हुन् । मन्त्रालय र मातहतका निकायले वार्षिक तथ्यांक संकलन गरेर योजना निर्माण गर्दा उपलब्धि न्यून हुनेगरी काम भइरहेको उनको भनाई छ ।

प्रदेशको स्वास्थ्य मन्त्रालय अन्तर्गतका निकायहरुले पनि अध्ययन अनुसन्धानमा केन्द्रित हुनुपर्ने उनले बताए । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको उद्देश्य अनुसार स्वास्थ्य क्षेत्रका विभिन्न विषय अध्ययन गरी सेवा प्रवाह तथा अन्य उत्पादनमा अग्रसर हुनुपर्ने उनले बताए । सेवा प्रवाह र विकासका क्षेत्रमा सरकारको निरन्तर प्रयासका बाबजुद पनि नागरिकहरुमा नकारात्मक असर देखिएकाले प्रदेश सरकारका निकायका ध्यान त्यसतर्फ केन्द्रित गर्नुपर्ने उनले बताए ।

नागरिकहरुको गुनासो र प्रदेश सरकारको प्रयासमा तादम्यता मिलाउन अनुसन्धान हुन जरुरी रहेको उनले औंल्याए । मुख्यमन्त्री लामाले कर्मचारीहरुलाई सफा मानसिकताका साथ काम गर्न निर्देशन दिए । प्रदेश सरकारले स्थायित्वका लागि कर्मचारी व्यवस्थापनको क्षेत्रमा काम गरिरहेकाले उच्च मनोबलका साथ काम गर्न उनले निर्देशन दिए ।

कार्यक्रममा स्वास्थ्यमन्त्री किरण थापाले स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रदेश सरकार सक्रियताका साथ अघि बढेको बताए । प्रदेशसभाबाट प्रदेश स्वास्थ्य ऐन पारित भएको र त्यसलाई कार्यान्वयन गरेर स्वास्थ्य क्षेत्रका समस्यहरु हल गर्ने तर्फ मन्त्रालय अघि बढेको मन्त्री थापाले बताए । गुनासो रहित गुणस्तरिय स्वास्थ्य सेवामामा आम नागरिकहरुलाई जोड्न मन्त्री थापाले कर्मचारीहरुलाई निर्देशन दिए ।

# हेटौंडामा मेयरकप स्नोकर प्रतियोगिता गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ७ कात्तिक/ प्रथम जिल्ला स्तरीय मेयरकप स्नोकर प्रतियोगिता हुने भएको छ । हेटौंडा उपमहानगरपालिकाको सहयोगमा शनिबारदेखी प्रतियोगिता हुने भएको हो ।

बुद्ध स्नोकर हाउस र एस-वान स्नोकर क्लबको संयुक्त आयोजनामा प्रतियोगिता हुन लागेको मंगलबार पत्रकार सम्मेलन गर्दै जानकारी दिइएको थियो । प्रतियोगितको उद्घाटन खेल बुद्ध स्नोकर हाउसमा हुने र समापन खेल एस-वान स्नोकर क्लबमा हुने प्रतियोगिता व्यवस्थापक चन्द्र शाहीले बताए । प्रतियोगितामा प्रथम हुनेले ६० हजार नगद सहित प्रमाणपत्र र मेडल प्राप्त गर्नेछन् भने द्धितीय हुनेले ३० हजार, प्रमाणपत्र र मेडल, तृतीय र सान्त्वना हुनेले ६/६ हजार नगद, प्रमाण पत्र र मेडल प्राप्त गर्ने शाहीले बताए ।

त्यस्तै हाई स्कोर ब्रेकरले र राईजिङ प्लेयरले ५/५ हजार नगद सहित प्रमाणपत्र र मेडल प्राप्त गर्ने शाहीले बताए । पत्रकार सम्मेलनमा बुद्ध स्नोकर हाउसका सञ्चालक सञ्जु लामा, एस-वान स्नोकर क्लबका सञ्चालक सुनील खड्गी, प्रतियोगिता व्यवस्थापक चन्द्र शाही लगायतको उपस्थिती रहेको थियो । प्रतियोगिता कार्तिक १३ गते समापन हुनेछ ।

# मकवानपुरमा नापी भएका जग्गालाई लालपूर्जा दिन माग

साझाकुरा संवाददाता



हेटौंडा, ७ कात्तिक/भुमि अधिकार तथा श्रमिक संगठन, नेपाल मकवानपुरले नापी भएका ठाउँमा लालपुर्जा वितरण गर्न बागमती प्रदेश सरकारसँग माग गरेको छ ।

संगठनका अध्यक्ष यज्ञलाल श्रेष्ठको नेतृत्वमा बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङलाई बुझाइएको ९ बुँदे ज्ञापनपत्रमा यथाशीघ्र नापी भएका ठाउँमा लालपुर्जा वितरण गर्न माग गरिएको हो । ज्ञापनपत्रमा आव २०८१/०८२ को बजेट विनियोजनमा भूमि व्यवस्था सम्बन्धी समस्याको समाधानका लागि प्राथमिकताका साथ अधिकतम बजेट व्यवस्था गर्न र पालिका तहमा नापी नभएका वडामा छिटोछरितो काम सम्पन्न गर्न दक्ष कर्मचारी व्यवस्थापन गर्न माग गरिएको छ ।

आयोगले कार्यलाई यथाशीघ्र सम्पन्न गर्नुपरने, दलित सुकुम्बासी, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्याको समाधान गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरिएको छ । साथै, अनौपचारिक जग्गामा बसोबास गरि रहेका व्यक्तिहरुको स्थलगत अध्ययन गरी रिपोर्ट सार्वजनिक गर्न र कुनै स्थानबाट नहट्न आग्रह गरिएको छ ।

ज्ञापन पत्र बुझ्दै मन्त्री तामाङ्ले राज्यको अधिकारभित्र र हेर भूमिहीनलाई पुर्जा वितरण गर्ने बताएकी छन् । उनले भने, 'कसैलाई पनि भूमिहीन बन्न नपरोस भन्ने उद्देश्यले मैले यो कार्यक्रम अगाडि बढाएको छु।' मन्त्री तामाङ्ले थपिन्, 'भुमिहीनको विषयमा म संवेदनशील भएर अगाडि बढ्नेछु । सरकारले उपलब्ध गराउने उपयुक्त जग्गा पुर्जा वितरणमा धनीपुर्जा वितरण गर्ने संघीय सरकारको पहल भइरहेका छन् । त्यसकारण संघले निर्देशन दिने बित्तिकै हामी पनि काम अघि बढाउँछौं ।'

# काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै

रौतहट, ७ कात्तिक/ केही वर्षयता रौतहटका वन क्षेत्रबाट काठ तस्करी गर्न पिकअप भ्यानको प्रयोग बढ्दै गएको छ । छिटोछरितो हुने भएकाले काठ तस्करहरुले भारतीय नम्बरका साना सवारीसाधनको प्रयोग गर्दै आएको पाइएको छ । डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले दिएको तथ्याङ्क अनुसार गत असोजमा मात्रै दुई वटा पिकअप भ्यान र एक थान ट्र्याक्टर बरामद गरेको छ । कार्यालयका सूचना अधिकारी महालक्ष्मी शर्माका अनुसार गत असोज ७ गते तीनजना सहित ३४ क्युफिट काठ, एउटा पिकअप भ्यान वन गस्तीमा खटिएको टोलीले पक्राउ गरेको थियो ।

गत असोज ८ गते ना ४ च ८७९४ नं को टाटा पिकअपबाट १४ दशमलव २० क्युफिट काठसहित दुईजनालाई पक्राउ गरिएको सूचना अधिकारी शर्माले जानकारी दिइन् । उनका अनुसार असोज २३ गते ८६ क्युफिट काठ, प्रदेश २–०३–००१ त २०८० नं को ट्र्याक्टरसहित तीनजनालाई पक्राउ गरिएको छ ।

गत आर्थिक वर्षमा विभिन्न मितिमा पाँच थान पिकअप भ्यान र पाँच थान ट्र्याक्टर काठ चोरी भएकामा वन कर्मचारीले खोजी गरी पक्राउ गरेको थियो । साथै मोटर साइकल, साइकल, टायगाडामार्फत पनि काठ तस्करी भइरहेको भन्दै यी सवारीसाधन सुराकीको आधारमा तथा वनको नियमित गस्ती गर्ने क्रममा पक्राउ परेका सूचना अधिकारी शर्माले जानकारी दिइन् ।

## कर्मचारी आवश्यकता

यस संस्थाको पदपुर्ति समितिको मिति २०८१/०७/०६ गते बसेको बैठकको निर्णयानुसार यस संस्थालाई तपशिल अनुसारको कर्मचारीको आवश्यकता भएको हुनाले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २४ दिन अर्थात २०८१ कात्तिक ३० गतेभित्र तोकिएका कागजात सहित दरखास्त आह्वान गरिन्छ । म्याद नाघि आएका तथा आवश्यक रित एवम् प्रक्रिया नपुगेका दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिलः**

**विज्ञापन नं.** : ०१-२०८१/०८२
**पद** : प्रमुख कार्यकारी अधिकृत (करार)
**आवश्यक संस्था:** १ (एक) जना
**सेवा सुविधा** : संस्थाको निर्णय अनुसार
**योग्यता** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरेको
**अनुभव** : वित्तीय क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव भएको र वित्तीय विश्वलेषण गर्न सक्ने
**कम्प्युटर** : EXCEL र Word मा दक्षता भएको
**अन्य सीप** : अंग्रेजी भाषा लेख्न बोल्न सक्ने र मोटरसाइकल चालक अनुमति पत्र प्राप्त गरेको
**आवेदन** : हस्तलिखित निवेदन पेश गर्नुपर्ने
**उमेर** : १८ वर्ष पूरा भई ५० वर्ष ननाघेको
**छनौट किसिम** : लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता
**निवेदन दस्तुर** : रु. ५००।-
**प्रथम पटक विज्ञापन प्रकाशित मिति** : २०८१/०७/०७ गते
**दरखास्त बुझाउने अन्तिम मिति** : २०८१/०७/३० गते बेलुका ५:०० बजेसम्म (उक्त दिन बिदा परेमा सो को भोलिपल्ट दरखास्त बुझाउन सकिने
**सम्पर्क मिति** : सर्टलिस्टमा छानिएका उम्मेदवारहरुलाई फोन गरेर बोलाइनेछ ।
**आवश्यक कागजात** : शैक्षिक योग्यताको प्रमाण पत्र, नेपाल नागरिकताको प्रतिलिपि, तालिम अनुभवकाका प्रमाण पत्रका प्रमाणित प्रतिलिपि र व्यक्तिगत विवरण (CV) तथा हालसाल खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
**नोट** : विज्ञापन सम्बन्धी सम्पूर्ण अधिकार संचालक समितिमा निहीत रहने छ ।

गोविन्द पुडासैन
संयोजक, पदपूर्ति समिति
**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-११, मकवानपुर

## १५ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-०४ कान्तिराजपथको यही मिति २०८१ साल कात्तिक ०९ गते शुक्रबारका दिन १५ औं वार्षिक साधारण सभा हुने भएकोले सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई उक्त वार्षिक साधारण सभामा उपस्थिति हुनको लागि पत्र पठाई सकेको हुनाले कथंकथाचित पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी तपशिलको स्थानमा उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

**तपशिल:**
मिति : २०८१ साल कात्तिक ०९ गते शुक्रबार
स्थान : पाञ्चायन साकोस, हेटौंडा-४, कान्तिराजपथ
समय : बिहान १०:३० बजे ।

अकल सिंह लामा (सचिव)
**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४, कान्तिराजपथ, मकवानपुर
फोन नं. ०५७-५२६७४१

## २६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बहुउद्देश्यीय सहकारी संस्थाको २६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको ब्यहोरोको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराइसकिएको छ, कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी साधारणसभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम** :
मिति : २०८१/०७/१० गते शनिबार
समय : बिहान ११:०० बजे
स्थान : हेटौंडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका बिषयहरू** :
१. अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व.२०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. सञ्चालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा।
८. शेयर लाभांश एवम् संरक्षित पूँजी कोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकताअनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिबिध ।

**नोट**: साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

ईश्वर पण्डित (सचिव)
**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालय, हेटौंडा-२, पल्पसारोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७

## सेवा नै धर्म हो, रक्तदान जीवनदान

'मानव जीवना अतुलनीय, अनुकरणीय काम' भन्ने मुल मन्त्र भएको हदाँ AB± Positive Blood आवश्यकता परेको हुँदा सो ग्रुपको रगत भएको महानुभावले ब्लड बैंक हेटौंडामा यथाशिघ्र सम्पर्कमा आई रगत दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्क नं.**
**९८४५०२९९७७ (टंक दाहाल), ९८५५०६९३६८ (पुर्ण प्रसाद अर्याल)**




## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपुर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५२२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना